# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ असोज २ गते

# डुबान र बाढीबाट पीडित नागरिकको अविलम्ब उद्धार गरियोस्

हालै भएको अबिरल बर्षाले कैलालीलगयात देशका अन्य भागमा भएको डुबान एवम् बाढीपछि सिर्जित अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । अयोगको क्षेत्रीय कार्यालय धनगढीले गरेको अनुगमनबाट लालबोझी, हसुलिया, थापापुर, उदासीपुर, गदरिया, फूलबारी, खैलाड, भजनी, धनसिंहपुर, नारायणपुर, रतनपुर, बसौटी, उर्मा, चौमाला, पबेरा र गेटा गाविस र धनगढी नगरपालिकाको केही भाग डुबानमा परेको जानकारी मिलेको छ ।

डुबानका कारण सयौ परिवार विस्थापित भएको, अन्नबालीमा क्षति पुगेको एवम् चौपाया मरेको तथा सडक, पुललगायतका संरचना भत्किएको जानकारी प्राप्त भएको छ ।

डुबान एवम् बाढीपछि देखा पर्नसक्ने सरुवा रोगको प्रकोप आउन नदिन सवै सचेत हुनुपर्ने देखिन्छ ।

कैलालीका ४ सय विस्थापित परिवारमध्ये १ सय ५० परिवारको मात्र आपत्कालीन पुनःस्थापना हुन सकेको र विस्थापित हुनेहरुमा धेरैजसो मुक्त कमैया रहेको आयोगको क्षेत्रीय कार्यालयबाट अनुगमनबाट थाहा भएको छ । प्राकृतिक विपत्तिमा परेका कैलालीलगायत देशका विभिन्न भागका नागरिकहरुको उद्धार, राहत र परिपूरणको व्यवस्था मिलाउन आयोग नेपाल सरकार र सवै सरोकारवाला निकायसंग आग्रह गर्दछ ।

..............
(विशाल खनाल)
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org